आज मिती २०७६/०२/१० गते शुक्रवारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको ५८ औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताबहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | वडाध्यक्ष | |
| ५ | याम प्रसाद लामा | वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | वडाध्यक्ष | |
| ८ | भवानी प्रसाद लिंङ्दम | वडाध्यक्ष | |
| १० | कविता राई | कार्यपालिका सदस्य | |
| ११ | मिरादेवि खवास | कार्यपालिका सदस्य | |
| १२ | सोम कुमारी साउदेन | कार्यपालिका सदस्य | |
| १२ | मन कुमारी लिम्बू | कार्यपालिका सदस्य | |
| १३ | वीर ब. देवान | मनोनित कार्यपालिका सदस्य | |
| १४ | याम ब. बिश्वकर्मा | मनोनित कार्यपालिका सदस्य | |
| १५ | चन्द्रप्रकाश बस्नेत | सचिव | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १६ | वीरध्वज लिम्बु | योजना शाखा | |
| १७ | इन्द्र कु. प्रधान | | |
| १८ | चन्द्र राई | | |
| १९ | ओम ब कुडाथोकी | का.स | |
| २० | | | |

प्रस्तावहरु

१। गाउँपालिका केन्द्रमा २५ शैयाको अस्पताल निर्माण सम्बन्धमा ।

२। गणतन्त्र दिवस समारोह समिति गठन सम्बन्धमा ।

३। कार्यपालिकाको विषयगत समिति गठन सम्बन्धमा ।

४। विकास योजना तर्जुमा गर्दा प्राथमिकता निर्धारण सम्बन्धमा ।

५। आगामी आ.ब. २०७६/०७७ को गाउँसभाको कार्ययोजना सम्बन्धमा ।

६। विविधः

निर्णयहरु

१। उपरोक्त प्रस्ताव नं. १ उपर छलफल गर्दा माईजोगमाई गाउँपालिका केन्द्रमा सेवा उपलब्धता, पहूँच, विरामीको चाप, सडक सेवा सुविधा र गाउँपालिकाको क्षमता विकासका लागि २५ शैया सुविधा सम्पन्न अस्पताल निर्माण गर्न अति आवश्यकता भएको र अस्पताल निर्माणका लागि मापदण्ड बमोजिम जग्गा र उक्त जग्गा सम्म सडक सुविधा समेत व्यवस्था भएकाले सो अस्पताल निर्माण कार्यान्वयनका लागि नेपाल सरकार जनसंख्या, वातावरण तथा स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभागमा माग लेखि पठाउने निर्णय गरियो ।

२। आगामी २०७६ जेठ १५ गते गणतन्त्र दिवसलाइ भव्यताका साथ मनाउने निर्णय गरीयो । उक्त दिवस मनाउन गाउँपालिकाको गणतन्त्र दिवस समारोह समिति र कार्यक्रम व्यवस्थापन समिति देहाय बमोजिम हुने गरी गठन गरीयो । साथै उक्त कार्यक्रम व्यवस्थापन गर्ने सम्पुर्ण जिम्मेवारी कार्यक्रम व्यवस्थापन समितिलाइ दिने निर्णय गरीयो ।

**गणतन्त्र दिवस समारोह समिति**

- गाउँपालिकाका अध्यक्ष श्री जीत वहादुर राइ संयोजक
- सम्पुर्ण कार्यपालिकाका सदस्यहरु सदस्य
- प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव

**गणतन्त्र दिवस कार्यक्रम व्यवस्थापन समिति**

- प्रमुख प्रशासकिय अधिकृत चन्द्रप्रकाश वस्नेत संयोजक
- गाउँपालिकाको कार्यालय वडा कार्यालय बिषयगत शाखाका कर्मचारीहरु सदस्य
- गाउँपालिकाका कर्मचारी श्याम कुमार शेम्बो सदस्य सचिव

गणतन्त्र दिवसको उपलक्ष्यमा विभिन्न क्षेत्रमा पुरस्कार वितरण कार्यक्रम, साँस्कृतिक कार्यक्रम, दौड प्रतियोगिता तथा विभिन्न जातिय झाँकीहरु प्रदर्शन गर्न पत्राचार गर्ने निर्णय गरियो । उक्त झाँकीहरुलाइ प्रति समुह रु. ५०००/- का दरले प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो ।

३। प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.ब. २०७६/०७७ को गाउँपालिकाको नीति कार्यक्रम र बजेट निर्माण सम्बन्धी कार्य गर्न तथा गाउँकार्यपालिकालाई बिषयगत रुपमा सल्लाह सुझाव दिन देहाय बमोजिमको बिषयगत समिति गठन गर्ने निर्णय गरियो ।

**सामाजिक विकास समिति**

- याम प्रसाद लामा संयोजक
- वीर बहादुर देवान सदस्य
- मीरा देवी खवास सदस्य
- स्वास्थय संयोजक सदस्य
- शिक्षा संयोजक सदस्य
- सामाजिक शाखा प्रमुख सदस्य सचिव

**आर्थिक विकास समिति**

- गणेश कुमार राई संयोजक
- कविता राई सदस्य

- याम बहादुर बिश्वकर्मा सदस्य
- कृषि शाखा प्रमुख सदस्य
- पशु शाखा प्रमुख सदस्य
- आर्थिक प्रशासन शाखा प्रमुख सदस्य सचिव

**पुर्वाधार विकास समिति**

- भवानी प्रसाद लिंगदम संयोजक
- सोम कुमारी साउदेन सदस्य
- याम बहादुर विश्वकर्मा सदस्य
- प्राविधिक शाखा प्रमुख सदस्य
- योजना शाखा प्रमुख सदस्य सचिव

**बन वातावरण तथा विपद व्यवस्थापन समिति**

- डम्बर बहादुर सुवेदी संयोजक
- वीर बहादुर देवान सदस्य
- कविता सई सदस्य
- माईजोगमाई गा.पा. वन इकाई प्रमुख वा निजले तोकेको कर्मचारी सदस्य
- गोकुल प्रसाद सञ्जेल सदस्य सचिव

**सुशासन तथा संस्थागत विकास समिति**

- दाताराम सञ्जेल संयोजक
- मनकुमारी लिम्बु सदस्य
- डम्बर सुवेदी सदस्य
- श्याम शेम्वो सदस्य
- गोकुल सञ्जेल सदस्य सचिव

माईजोगमाई गाउँपालिकामा लागू हुने कानुनी मस्यौदा माथी छलफल गरी कार्यपालिकमा पेश गर्न देहाय वमोजिमको विधायन समिति गठन गरीयो ।

**विधायन समिति**

- याम कुमार कार्की संयोजक
- सोम कुमारी साउदेन सदस्य
- माईजोगमाई गा.पा. को कानूनी सल्लाहाकार सदस्य सचिव

४। आगामी आ.ब. २०७६/०७७ को योजना तथा बजेट तर्जुमा गर्दा प्राथमिकता देहायको आधारमा कायम गर्ने निर्णय गरीयो ।

- आर्थिक विकास तथा गरीवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।
- उत्पादन मूलक तथा छीटो प्रतिफल प्राप्त गर्न सकिने ।
- जनताको जीवन स्तर आम्दानी र रोजगारी वढने ।
- स्थानीय वासिन्दाहरुको सहभागिता जुटने ।
- स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
- स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने ।
- महिला वालवालिका तथा पिछाडिएको वर्ग क्षेत्र र समदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
- लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि हुने ।
- दिगो विकास वातावरण संरक्षण तथा संवर्द्ध गर्न सघाउ पुर्‍याउने ।
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने ।

५। आगामी आ.ब. २०७६/०७७ को गाउँसभाको कार्ययोजना तपशिल अनुसारको समितिहरुको बैठकको समय तालिका निर्धारण गरीयो साथै आ आफ्नो बिषय सँग सम्बन्धीत बिषयगत क्षेत्रहरुको योजनाहरुको प्राथमिकरण, क्रम निर्धारण गर्नका साथै बिषयगत नीति तथा कार्यक्रम तयार गरी गाउँ कार्यपालिकामा पेश गर्न निर्देशन दिने निर्णय गरीयो ।

| क्र.सं. | समितिको नाम | बैठक बस्ने मिति र समय | कैफियत |
|---|---|---|---|
| १. | राजस्व परामर्श समिति | २०७६/०२/१२ गते साँझ ६ बजे | |
| २. | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | २०७६/०२/१३ गते बेलुका ६ बजे | |
| २०७६/०२/१४ गते साँझ ६ बजे कार्यापालिका बैठक | | | |
| ३. | सुशासन तथा क्षमता विकास समिति | २०७६/०२/२० गते विहान ८ बजे | नीतिगत छलफल |
| ४. | विधायन समिति | २०७६/०२/१९ गते विहान ८ बजे | नीतिगत छलफल |
| ५. | वातावरण वन तथा विपद व्यवस्थापन | २०७६/०२/२० गते ११ बजे | नीतिगत |

| | समिति | | छलफल |
|---|---|---|---|
| ६. | आर्थिक विकास समिति | २०७६/०२/१९ गते बिहान ११ बजे | नीतिगत छलफल |
| ७. | पुर्वाधार विकास समिति | २०७६/०२/१९ गते दिनको २ बजे | नीतिगत छलफल |
| ८. | सामाजिक विकास समिति | २०७६/०२/२० गते दिनको २ बजे | नीतिगत छलफल |

६। क - आ.व. ०७५/७६ को सशर्त अनुदान तर्फ यस गाउँपालिकाका लागि कृषक पाठशाला संचालन कृषि/ पशु सम्बन्धी तर्फ विनियोजित रकम रु २ लाख बाट ६ वटै वडामा अन्तरकृया कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

ख - आ.व. ०७५/७६ को सशर्त अनुदान तर्फ यस गाउँपालिकाका लागि विनियोजित वातावरणीय सरसफाइ आयोजना सरसफाई सम्बन्धी निर्माण कार्यका लागि नयाँबजारको ढल व्यवस्थापन गर्न उपभोक्ता समितिबाट कार्य गर्ने निर्णय गरियो ।

ग - आ.व. ०७५/७६ को सशर्त अनुदान तर्फ यस गाउँपालिकाका लागि विनियोजित रकमबाट वातावरण सरसफाइ सम्बन्धि कार्यक्रम नेपाल आदिबासि जनजाति पत्रकार महासंघ इलामलाई सञ्चालन गर्न दिने निर्णय गरियो ।

घ - आ.व. ०७५/७६ को सशर्त अनुदान तर्फ यस गाउँपालिकाका लागि विनियोजित सामुदायिक तथा कवुलियति वन विकास कार्यक्रम सामुदायिक वनमा पर्यापर्यटन/ उद्यम प्रवर्द्धन कार्यक्रम अन्तर्गत वनपाला झिल माईजोगमाई - ४ निर्माण गर्न सम्बन्धित वन समितिसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

~~ङ~~- नामसालिङ्ग सामुदायिक विकास केन्द्र इलाम सँग सम्झौता भई सञ्चालन हुन लागेको नविकरणीय उर्जा सम्बन्धी कार्यक्रमका लागि तपशिल बमोजिम सम्बन्धित वडाबाट सिफारिस गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | कार्यक्रम | सिफारिस गर्नु पर्ने परिमाण | ठेगाना | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | सौर्य उर्जा प्रविधि जडान | २ | माईजोगमाई -५ | वीर ब. कामी र भक्त ब. दर्जी |
| २ | सौर्य उर्जा प्रविधि जडान | ९ | माईजोगमाई - २ | विजुलि वत्ति नपुगेको विपन्न वा दलित परिवार हुनु पर्ने |
| ३ | सौर्य उर्जा प्रविधि जडान | ९ | माईजोगमाई - ६ | विजुलि वत्ति नपुगेको विपन्न वा दलित परिवार हुनु पर्ने |
| ४ | सुधारिएको चुलो प्रविधि जडान | १० | माईजोगमाई - ३ | रिटाम र ढाँडे बस्तिका परिवार |

ज. माईजोगमाई गाउँपालिका - ४ निवासी श्री पदम प्रसाद तिम्सिनाले प्रहरी मुचुल्का र वडा कार्यालयको सिफारिस साथ दिएको निवेदन अनुसार निजको बुवा श्री राम प्रसाद तिम्सिनाको घरमा मिति २०७६/०२/०८ गते चट्याङ्ग परि ठूलो छ्याति पुर्याएको हुँदा राहत विपत व्यावस्थापन कोषबाट रु २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।